प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

# नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०२/१०

## १) मुख्यमुख्य क्रियाकलापहरुः-

- आज भरतपुर-६, चितवनमा कोभिड-१९ संक्रमण पुष्टि भएका ५२ वर्षिया पुरुषको सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing) लगायत अन्य आवश्यक व्यवस्थापनको लागि स्वास्थ्य कार्यालय चितवन र स्थानीय नगरपालिकाबाट परिचालन भएको टोलीले कार्य गरिरहेको छ ।

- आज नै कोभिड-१९ संक्रमण पुष्टि भएकी हेटौंडा-३, मकवानपुरकी ५४ वर्षिया महिलाको सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing) लगायत अन्य आवश्यक व्यवस्थापनको लागि स्वास्थ्य कार्यालय मकवानपुर, काठमाण्डौ महानगरपालिका र हेटौडा उपमहानगरपालिका, PHEOC, स्वास्थ्य सेवा विभागबाट खटिएका जनशक्ति, सेन्ट्रल डीपार्टमेन्ट अफ पब्लिक हेल्थ, डीपार्टमेन्ट अफ कम्युनिटी मेडिसिन (त्रि. वि. शिक्षण अस्पताल) सहित परिचालन भएको टोलीले हेटौडा तथा काठमान्डौमा द्रुत रुपमा कार्य गरिरहेको छ ।

- त्यस्तै आज नै संक्रमण पुष्टि भएका काठमाण्डौका ३५ वर्षिया पुरुष र भक्तपुरकी ४२ वर्षिया महिलाको सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय तथा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समन्वयमा सम्पर्कमा भएका व्यक्तिको खोजी (Contact tracing) लगायत अन्य आवश्यक व्यवस्थापन भईरहेको छ।

- सिन्धुपाल्चोक, रामेछाप, धादिंग र अन्य जिल्लामा कोभिड-१९ संक्रमण पुष्टि भएका संक्रमित व्यक्तिको सम्पर्कमा रहेका व्यक्तिको खोजी (Contact tracing) एवम् अन्य आवश्यक व्यवस्थापनको लागि स्थानीय गाउँपालिका, नगरपालिका र सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय एवम् जिल्ला अस्पतालबाट परिचालन भएको टोलीले स्थानीय स्वास्थ्य संस्था र स्वास्थ्यकर्मी समेतको समन्वयमा फलो-अप लगायत अन्य कार्यहरु निरन्तर गरिरहेको छ।

## २) महामारीको हालको अवस्थाः-

- नेपालमा हाल सम्ममा जम्मा ५८४ जनामा संक्रमण देखिएकोमा बागमती प्रदेशमा जम्मा ३२ जनामा संक्रमण (आजको मितिमा काठमाण्डौका ३५ वर्षिया पुरुष, चितवनका ५२ वर्षिया पुरुष, मकवानपुरकी ५४ वर्षिया महिला र भक्तपुरकी ४२ वर्षिया महिला गरी थप ४ जना), जसमा एक सुत्केरी महिलाको दुखद् मृत्यु भएको छ ।हाल नेपालमा संक्रमण बाहिरबाट नेपालमा आउनेमा र संक्रमित व्यक्तिबाट स्थानीय तहमा झुण्ड-झुण्ड रुपमा सरेको (Sporadic cases) देखिएको छ।

